**Toronto Declaration Letter**

**May 30th, 2025.**

**जातीय विभेदमुक्त  विश्वका लागि विश्व सम्मेलन २०२५ (२५–२७ मे), टोरन्टो, क्यानडा**

**'समानता, सामाजिक न्याय, स्वतन्त्रता र जातीय भेदभाव अन्त्यका लागि एकताको निर्माण'**

## पृष्ठभूमि

"सबै मानव प्राणी स्वतन्त्र र समान गरिमा तथा अधिकारसहित जन्मिन्छन्," भनेर मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छ। तर पनि जातीय विभाजन संसारकै सबैभन्दा पुरानो र कम सम्बोधन गरिएका सामाजिक बहिष्करणका स्वरूपमध्ये एक हो। ३,००० वर्षभन्दा अघिदेखि गहिरोसँग जरा गाडेका धार्मिक र सामन्तवादी संरचनाबाट उत्पन्न यो जातीय व्यवस्था विश्वभरिका २५ करोडभन्दा बढी मानिसहरू—दक्षिण एसियामा दलित, जापानमा बुराकुमिन, युरोपमा रोमा, मोरिटानियामा हारातिन, ब्राजिलमा क्विलोम्बोला, न्युजिल्याण्डमा माओरी, स्वीडेनमा सामी- तथा तिनका प्रवासी समुदायहरूलाई आधारभूत मानव अधिकार, गरिमा, समानता र अवसरबाट वञ्चित गर्दै आएको छ।

जातिवाद आधुनिक समयमा यसको उत्पत्तिसँग मात्रै सीमित छैन; यसको प्रभाव विश्वव्यापी छ। भारत, नेपालदेखि लिएर उत्तर अमेरिका, बेलायत र अन्य देशहरूसम्म जातिमा आधारित भेदभाव शिक्षा, रोजगारी, राजनीतिक सहभागिता, जमिन स्वामित्व, न्याय प्रणाली र स्वास्थ्य सेवामा पहुँच नपाउने प्रणालीगत अस्वीकृतिको  रूपमा प्रकट हुन्छ। जातीय रूपमा उत्पीडित समुदायका महिला तथा अन्य लैङ्गिक अल्पसंख्याहरूले जाति, लिङ्ग, जातीयता र आर्थिक वर्गको अन्तरसम्बन्धका कारण झन् गहिरो बहिष्करण र विभेद भोगिरहेका छन्।

हालसम्म केही प्रगति भए पनि जातिमा आधारित अपराध रोकिएको छैन, उदाहरणका लागि हालैका यी तथ्यांकहरूले देखाउँछन् :

• सन् २०२२ मा भारतमा अनुसूचित जातिमाथि अपराधका ५७,५८२ घटनाहरू दर्ता भएका थिए, जुन अघिल्लो वर्षको तुलनामा १३% वृद्धि हो।

• नेपालमा दलितहरू अन्य प्रभावशाली जातिको तुलनामा ९ देखि १४ गुणा बढी बहिष्कृत छन् भन्ने राष्ट्रिय तथ्यांक छ।

• प्रवासी समुदायहरूमा पनि जातीय पूर्वाग्रह संस्थाहरू, कार्यस्थल र शिक्षण संस्थानहरूमा मौन रूपमा कायम छ।

**प्रस्तावना**

हामी, जातीय विभेदमुक्त विश्वका लागि विश्व सम्मेलन २०२५ का प्रतिनिधिहरू—प्रभावित समुदायहरू, नीति निर्माताहरू, नागरिक समाज संगठनहरू, शैक्षिक वृत्तका सदस्य, विद्यार्थी, तथा अन्तर्राष्ट्रिय सहयोगीहरू—२०२५ मे महिनामा क्यानडाको टोरन्टो शहरमा भेला भई जाति तथा श्रम र वंशमा आधारित भेदभावका सबै स्वरूपहरू अन्त्य गर्ने साझा अठोटमा एकजुट भएका छौँ।

यो सम्मेलन जातीय उत्पीडनका गहिरो जरा भएका संरचनाहरू भत्काउने हाम्रो सामूहिक यात्रामा ऐतिहासिक मोड हो। दलित, रोमा, बुराकुमिन, हारातिन र क्विलोम्बोला जस्ता जातीय विभेदबाट प्रभावित समुदायहरू अझै पनि बहिष्कार, हिंसा, आवागमनको रोक, अस्पृश्यताको व्यवहार, तथा पहिचान र गरिमाको पूर्ण अस्वीकृतिका पीडामा छन्। यी अन्यायहरूले लैंगिक असमानता, पितृसत्तात्मक सोच, र सामाजिक-आर्थिक बहिष्करणसँग गाँसिएर महिला, बालबालिका, यौनिक अल्पसंख्यक समुदायका सदस्यहरू तथा अपांगता भएका व्यक्तिहरूका लागि बहुपरिस्थितिगत असुरक्षा सिर्जना गर्छन्।

मानव गरिमा, न्याय, समानता, स्वतन्त्रता र एकताको सिद्धान्तमा आधारित रहेर, हामी जातीय विभेदका सबै खाले स्वरूप अन्त्य गर्न तथा हरेक मानिसले जन्म, पेशा, जातीयता, वंश वा पहिचानको आधारमा नभई समान अधिकार, अवसर र गरिमा भोग्न पाउने समाज निर्माण गर्ने प्रतिवद्धता दोहोर्याउँछौं। जातीय वा अन्य समुदायहरूको पहिचान तिनको अस्तित्व पुष्टि गर्ने माध्यम हो; तर यस्तो पहिचानको नाममा, खास गरी संसारभरि २५ करोड भन्दा बढी मनिसहरुमाथि नकारात्मक प्रभाव पर्ने गरी, अरू जाति वा समुदायमाथि

विभेद, अवहेलना र अमानवीय व्यवहार गर्ने हक कसैलाई छैन र त्यो स्वीकार्य हुन सक्दैन। तसर्थ, २१औं शताब्दीमा अरू कुनै जातिको अस्तित्व र सम्मानलाई कुण्ठित गर्ने जातीय संरचनाको अन्त्य अपरिहार्य छ।

**हामी सलाम गर्दछौं :**

• ती साहसी व्यक्ति र समुदायहरूलाई, जसले जातीय उत्पीडनविरुद्ध आवाज उठाउँदै आफ्नो जीवन र जीविकाको जोखिम लिएरै  पनि गरिमा प्राप्त गर्न संघर्ष गरे।

• ती दृढ महिलाहरूलाई, जसले पितृसत्ता र जातीय हिंसाका विरुद्ध आफ्ना अधिकारको लागि लडे।

• ती साहसी युवाहरू र बालबालिकालाई, जसले शिक्षा, संस्कार र रोजगारमा प्रणालीगत विभेदको सामना गर्दै आफ्नै मानवता कायम राखेका छन्।

• डा. भीमराव अम्बेडकरको युगान्तकारी दृष्टिकोण र संघर्षलाई, जसले विश्वभरिका आन्दोलनहरूलाई प्रेरणा दिँदै आएको छ।

**हामी मान्दछौं:**

• जाति तथा सोसँग मिल्दोजुल्दो भेदभाव अझै पनि धेरै समाजमा व्यापक रूपले विद्यमान छन्, यद्यपि केही देशहरूले कानुनी सुधार गरेका छन्।

• यस्ता संरचनाहरूले लैंगिक, गरिबी, राजनीतिक बहिष्कार लगायत अन्य विभेदकारी संरचनाहरूसँग अन्तरसम्बन्ध राख्छन् र तिनलाई बल प्रदान गर्छन्।

• जातिवादी हिंसा र भेदभावका घटनाहरूमा दोषीलाई सजाय नहुने प्रवृत्ति व्यापक छ र न्याय तथा जवाफदेहिताका संयन्त्रहरू प्रायः कमजोर छन्।

• प्रभावित समुदाय र नागरिक समाजले लगातार आवाज उठाउँदै आएका छन् तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिक्रिया अझै खण्डिकृत र अपर्याप्त छन्।

**हामी स्वीकार गर्दछौं:**

केही देशहरूमा सकारात्मक कार्य, संविधानात्मक प्रावधानहरू र लक्षित नीतिगत उपायहरूमार्फत गरिएको प्रगतिलाई।

मानव अधिकारको सार्वभौमिक घोषणापछि मान्यता प्राप्त प्रमुख अन्तर्राष्ट्रिय उपकरणहरूको महत्व, जस्तै:

जातीय भेदभावको सबै प्रकारको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD), १९६५

काम र वंशका आधारमा भेदभावको उन्मूलनका लागि संयुक्त राष्ट्रसंघद्वारा तयार पारिएको सिद्धान्त र मार्गनिर्देशक तत्वहरू, २०१४

वंश-आधारित भेदभावसम्बन्धी संयुक्त राष्ट्रसंघको मार्गनिर्देशक उपकरण, २०१७

अफ्रिकी मानव तथा जनताको अधिकार आयोग (ACHPR) को प्रस्ताव ६१९: काम र वंशका आधारमा भेदभाव भोग्ने समुदायहरूको संरक्षण, २०२४

**जातीय विभेदको संरचना भत्काउने विश्वव्यापी रणनीतिक कार्ययोजना**

**१. जातीयतावादको औपचारिक विश्वव्यापी मान्यता**

- संसारभर जातीय पहिचानहरू बीच, भित्र वा वरिपरि कुनै पनि प्रकारको उच-नीचको श्रेणीलाई अस्वीकार गर्दै त्यसको भर्त्सना गर्न।
- संयुक्त राष्ट्रसंघ र सबै सदस्य राष्ट्रहरूलाई जातीय विभेदलाई वंशका आधारमा मानव अधिकारको हननको रूपमा मान्यता दिन र यो जातीयता तथा रंगभेदसरहको आपराधिक कार्य भएको स्वीकार गर्न आह्वान गर्न।
- जातीय विभेद तथा वंशका आधारमा अन्यायको अन्त्यका लागि संयुक्त राष्ट्रसंघले विशेष महासन्धिको विकास गरोस् भन्ने वकालत गर्न।

- विशेषतः क्यानडाजस्ता देशहरूमा मानव अधिकारसम्बन्धी कानूनहरूमा 'जात' लाई अन्य संरक्षित श्रेणीहरू (उमेर, पुर्ख्यौली, लिङ्ग आदि) सरह स्पष्ट रूपमा समावेश गर्न।

**२. विभेदविरोधी कानुनी कार्यान्वयनको प्रभावकारिता**

- जातीय विभेदविरुद्धको मान्यता र संरक्षणसम्बन्धी प्रावधानहरूको प्रभावकारी कानुनी कार्यान्वयन सुनिश्चित गर्न।
- क्यानडा लगायत अन्य राष्ट्रहरूको मानव अधिकार कानूनमा जातलाई संरक्षित श्रेणीको रूपमा समावेश गर्न।
- राष्ट्रिय तथा स्थानीय तहमा निगरानी, कार्यान्वयन र जवाफदेहिताका लागि संयन्त्रहरू स्थापना गर्न।

**३. शैक्षिक सुधारमार्फत जातीय समानता**

- राष्ट्रिय शिक्षा प्रणालीमा मानव मर्यादा, समानता, जात-विरोधी मूल्य र कानुनी प्रावधानहरू समावेश गर्न।
- शैक्षिक पाठ्यक्रमहरूमा 'क्रिटिकल कास्ट थ्योरी' लाई आधारभूत ढाँचाका रूपमा प्रस्तुत गर्न।
- उच्च शिक्षामा जातीय उत्पीडनसम्बन्धी अनुसन्धान तथा अध्ययनहरू अनिवार्य गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूसँगको सहकार्यमा वित्तीय सहयोग सुनिश्चित गर्न।
- शैक्षिक अवसरहरूको माध्यमबाट पारम्परिक जात-आधारित पेशा र कलाको संरक्षण तथा प्रवर्द्धन गर्न, विशेष गरी विश्वव्यापीकरणबाट विस्थापित समुदायहरूको जीविकोपार्जन र उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउन।

**४. समुदाय-नेतृत्वमा आधारित सशक्तिकरण**

- जातीय उत्पीडन भोगेका व्यक्तिहरूलाई सशक्त बनाउने समुदाय-आधारित नेतृत्व कार्यक्रमहरूका लागि वित्तीय सहयोग सुनिश्चित गर्न।

- सामाजिक, आर्थिक, राजनीतिक र नागरिक क्षेत्रहरूमा न्यायपूर्ण सहभागिता र नेतृत्व सुनिश्चित गर्न।
- जातीय विभेद भोग्ने समुदायहरूको सांस्कृतिक सम्पदा, कला, ज्ञान र सिपमाथि बौद्धिक सम्पत्ति अधिकारको खोज, संरक्षण र स्वामित्व स्थापित गर्न सहयोग पुऱ्याउन।

**५. जातीय विभेद मापन गर्ने विश्वव्यापी सूचकाङ्क स्थापना**

- मानव अधिकार सूचकांक सरह जातीय असमानता मापन गर्न संयुक्त राष्ट्रसंघको समर्थनमा एक विश्वव्यापी सूचकाङ्क विकास गर्न।
- राष्ट्रिय विकास र मानव अधिकार मूल्याङ्कनमा 'डिसएग्रिगेटेड' तथ्यांक प्रतिवेदन अनिवार्य बनाउन।

**६. अन्तरसम्बन्धित अनुसन्धान र प्रमाणमा आधारित नीति निर्माण**

- जात, स्वास्थ्य, आवास, शिक्षा, लिङ्ग, श्रम आदिबीचको सम्बन्धी अनुसन्धानमा लगानी गर्न।
- ‘डिसएग्रिगेटेड’ तथ्याङ्क प्रयोग गरी पुनःस्थापनात्मक नीति निर्माण र समान बजेट वितरण सुनिश्चित गर्न — राष्ट्रिय सरकारहरू तथा अन्तर्राष्ट्रिय समुदाय (संयुक्त राष्ट्रसंघ प्रणाली समेत) सम्म।

**७. पुनःस्थापनात्मक न्याय र दिगो विकास लक्ष्यको समायोजन**

- राष्ट्रिय जातीय पुनःस्थापनात्मक रणनीतिहरूलाई राष्ट्र संघको दीर्घकालिन लक्षहरुसँग मिलाएर अघि बढाउन।
- जातीय उत्पीडित समुदायहरूका लागि एक विश्वव्यापी मानवीय कोषको स्थापना गर्न।

**८. ऐतिहासिक अन्यायहरूको औपचारिक मान्यता र पुनःस्थापना**

- ऐतिहासिक अन्यायहरूको राज्यले सार्वजनिक रूपमा माफी याचना गर्नुका साथै र भूमि सुधार, समावेशी शिक्षा र राजनीतिक प्रतिनिधित्वजस्ता उपाय मार्फत क्षतिपूर्ति प्रदान गर्न।

**९. सामाजिक-आर्थिक संरचनात्मक पुनर्गठन र सकारात्मक भेदभाव (Affirmative Action)**

- रोजगारी, आवास, र राज्य स्रोतहरूको पहुँचमा सकारात्मक भेदभाव लागू गर्ने।
- जातीय उत्पीडित समुदायहरूको नेतृत्वमा विकास बैंक स्थापना गर्न राष्ट्रिय तथा बहुपक्षीय सरकारी/निजी क्षेत्रहरूको सहयोग सुनिश्चित गर्ने।

**१०. युवाहरूको नेतृत्वमा जातीय र जातीयता-सम्बन्धी न्याय आन्दोलनहरू**

- जातीय र जातीयता-सम्बन्धी न्याय आन्दोलनहरूमा युवाहरूलाई नेतृत्व गर्न सशक्त बनाउने।
- जातीय उत्पीडित समूहहरूको रैथाने कला, सीप र ज्ञानलाई शैक्षिक प्रणालीमा मुख्यधारमा ल्याउने।

**११. पुस्तान्तरगत (इंटरजेनेरेशनल) पीडाको उपचार**

- जातीय उत्पीडनबाट सिर्जित मानसिक असरहरूको पहिचान र समाधान गर्ने।
- संस्कृति, संवाद र समुदायमा आधारित पुनर्स्थापनाका माध्यमबाट उपचार अभियानहरूलाई समर्थन गर्ने।

**१२. विश्वव्यापी राजनीतिक प्रतिनिधित्व र संस्थागत सुधार**

- शासनसत्ताका सबै तहमा जातीय उत्पीडित समुदायहरूको समानुपातिक राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्ने।
- समावेशी शासनको पक्षमा संस्थाहरूको सुधार गर्ने।

**१३. कानुनी र नीतिगत रूपान्तरण**

- कानुन, संविधान र नीतिगत सुधारमार्फत जातीय श्रेणीकरणको संरचना भत्काउने।
- क्यानडाजस्ता देशका सफल अभ्यासहरूबाट प्रेरित समावेशी ढाँचा अपनाउने।

**१४. सांस्कृतिक रूपान्तरण र जनचेतना**

- जातीयतावादी सांस्कृतिक अभिव्यक्तिहरू हटाउने र सञ्चार, धर्म, तथा शिक्षामा समावेशी कथानकहरू प्रवर्द्धन गर्ने।
- सामाजिक मान्यताहरूमा रूपान्तरण ल्याउन सांस्कृतिक र धार्मिक अगुवाहरूसँग सहकार्य गर्ने।

**१५. मुख्यधारमा सहयात्रा (Allyship) र जातविरोधी तालिम**

- सरकारी अधिकारीहरू, संस्थाहरू, र नागरिक समाजका नेताहरूका लागि अनिवार्य सहयात्रा तथा जातविरोधी तालिमको व्यवस्था गर्ने।
- जातीय विभेदको यथार्थबोधको लागि निरन्तर शिक्षा प्रणालीमार्फत बुझाइ प्रवर्द्धन गर्ने।

**१६. आप्रवासीहरूका लागि मानव अधिकार तालिम**

- आप्रवासन र एकीकरण कार्यक्रमहरूमा मानव अधिकार तथा जातविरोधी शिक्षालाई अनिवार्य बनाउने।
- जातीय उत्पीडन र बहिष्करणबाट भागिरहेका व्यक्तिहरूलाई मानवीय संरक्षण र शरण दिने।

**१७. सत्य निरुपण तथा मेलमिलाप**

- जातीय अत्याचारहरूको समाधान तथा स्थायी रूपमा जातीय संरचना अन्त्य गर्ने मार्गचित्र तयार गर्न राष्ट्रिय स्तरमा सत्य निरुपण तथा मेलमिलाप आयोगहरू स्थापना गर्ने।

**निष्कर्ष र आगामी मार्ग**

२१औं शताब्दीको प्रगतिपथमा हामीले प्रवेश गरिरहँदा, टोरन्टो घोषणापत्रले वंश र जातका आधारमा हुने भेदभाव अन्त्य गर्न तत्काल, समन्वित र संरचनागत कार्य गर्न यस शताब्दीको पहिलो चौथाइ (२५ वर्ष) समाप्त भइसकेपछि हामीले पाउने अनुग्रह अवधि (ग्रेस पिरियड) लाई अन्तिम समयसीमा मानेर जातीय विभेदका हानिकारक प्रभावहरूको अन्त्य गर्न हामी सबैलाई प्रतिबद्ध हुन आहवान गर्दछौं।

**हामी आग्रह गर्दछौं:**

संयुक्त राष्ट्रसंघ,

राष्ट्रिय तथा स्थानीय सरकारहरू,

अन्तर्राष्ट्रिय दातृ तथा विकास संस्थाहरू,

नागरिक समाज संगठनहरू,

शैक्षिक तथा अनुसन्धान संस्था,

सञ्चारमाध्यम, सांस्कृतिक संस्था र निजी क्षेत्र

यस घोषणापत्रलाई अंगिकार गर्न र कार्यान्वयनमा ल्याउन।

आउनुहोस्, हामी सबै मिलेर यसै पुस्तामा जातीय उत्पीडन अन्त्य गरौं — र जन्मका आधारमा कसैलाई पनि मर्यादा र अवसरबाट वञ्चित हुन नदिनुहोस्।

टोरन्टो घोषणापत्र जातीय विभेद मुक्त विश्वका लागि नैतिक दिशानिर्देशक बन्न सकोस्!

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :

Sahayatra- International Alliance for Social Justice

Unit 225, 2 County Ct Blvd, Brampton, ON L6W 3W8

Canada. Phone: +1 (437) 661-6755

Conference website:  https://www.sahayatraintl.com/global-conference